महाकुलुङ गाउँपालिकाको वजेट निर्माण कार्यतालिका स्वीकृत

महाकुलुङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को वजेट निर्माणको लागि कार्यतालिका निर्माण गरी स्वीकृत गरेको छ । २०८२ जेठ २० गते बसेको गाउँ कार्यपालिकाको वैठकले वजेट तथा योजना निर्माण कार्यतालिका निर्माण गरी पारित गरेको गाउँपालिका अध्यक्ष सूर्य बहादुर कुलुङले जानकारी दिनुभयो ।

स्वीकृत कार्यतालिका अनुसार वजेटको पूर्व तयारी जेठ महिनाभित्र गरी असार १० गते गाउँसभामा वजेट पेश गरिनेछ । स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए अनुसार गाउँसभामा वजेट पेश गर्ने जिम्मेवारी उपाध्यक्षको हुने व्यवस्था रहेको छ ।

महाकुलुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खरिधन कुलुङका अनुसार वजेट तथा योजना निर्माणको कार्यतालिका देहाय वमोजिम रहनेछ ।

क्र.सं.	कार्य	कार्यान्वयन गर्ने निकाय/समिति	संयोजन	मिति
१	बजेटको पूर्व तयारी	कार्यालयबाट	प्र.प्र.अ.	जेठ मसान्त
२	स्रोत अनुमान तथा बजेट सीमा निर्धारण	श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति	अध्यक्ष	जेठ ३०
	आगामी आ.व.को राजस्व को प्रक्षेपण र अनुमान तयार गर्ने	राजस्व परामर्श र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति	उपाध्यक्ष	जेठ २९
३	वस्ती स्तरमा योजना छनौट	वडा समिति	वडा अध्यक्ष	असार ४ सम्म
४	वडा स्तरमा प्राथमिकता निर्धारण तथा छनौट	वडा समिति	वडा अध्यक्ष	असार ५ सम्म
५	बजेट तथा कार्यक्रम तर्जुमा	बजेट तथा कार्यक्रम तर्जुमा समिति	उपाध्यक्ष	असार ९
६	कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति	कार्यपालिका	अध्यक्ष	असार ९
७	गाउँसभामा बजेट पेश तथा कार्यक्रम स्वीकृति	गाउँसभा	अध्यक्ष	असार १०

वजेट तथा योजना निर्माणका सात चरण पुरा गरी योजना निर्माण गर्नुपर्ने व्यवस्था राष्ट्रिय योजना आयोगले तय गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेख रहेकोले सो व्यवस्था अनुसार नै योजना निर्माण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत कुलुङले जानकारी दिनुभयो ।